WOREC

# नेपालमा लैङ्गिक विभेदमा आधारित हिंसा सम्बन्धी

## तथ्य पत्र २०८१/८२



आर्थिक वर्ष २०८१/८२ को लैङ्गिक विभेदमा आधारित हिंसाका तथ्यहरूले हाम्रो समाजमा गहिरोसँग जरा गाडेको पितृसत्तात्मक सोच, हानिकारक परम्परागत अभ्यास, र संरचनात्मक विभेदद्वारा निर्देशित गम्भीर समस्या भएको यथार्थलाई पुनः पुष्टि गरेको छ। तथ्य पत्रमा यस आर्थिक वर्षमा ओरेकमा सङ्कलन भएका कूल १,२७९ वटा  घटनाहरुको बहुपक्षीय विश्लेषण गरिएको छ। जसमध्ये सबै भन्दा बढी ७२ प्रतिशत (९२१) घटना घरेलु हिंसाका रहेका छन्। त्यसपश्चात १७ प्रतिशत (२१८) यौन हिंसा दोस्रो ठूलो रूपमा देखिएको छ। यसैगरी महिला हत्या वा हत्या प्रयासका १० वटा घटना, मानव बेचबिखनका २७ वटा घटना, साइबर अपराधका ६ वटा घटना, तथा आत्महत्या वा आत्महत्या प्रयासका ५ वटा घटना रहेका छन्, जसले नेपालमा महिला माथि हुने हिंसाको बहुआयमिक स्वरुपलाई उजागर गर्दछ।

हिंसाका कूल घटना मध्ये ८८६ घटनामा श्रीमान् नै मुख्य पीडकको रुपमा रहेको पाइएको छ। अन्य पीडकका रुपमा परिवारका सदस्य तथा छिमेकी, अविवाहित तर संगै बसेका साथीहरु हिंसामा संलग्न रहेको देखिएको छ। यो तथ्यले महिलाका लागि आफ्नै घर सुरक्षित स्थान नभई सबैभन्दा जोखिमयुक्त स्थान बनेको यथार्थलाई पुष्टि गर्छ। घरेलु हिंसामा ८८.३% पीडक आफ्नो श्रीमान् रहको तथ्यले पितृसत्तात्मक संरचना भित्र महिला र पुरुष विच रहेको असमान शक्ति सम्बन्ध नै हिंसाको मुख्य जडको रुपमा रहेको संकेत गर्दछ। प्रदेशगत रूपमा हेर्दा सबै भन्दा बढी ४१९ घटना कर्णाली प्रदेशबाट दर्ता भएको देखिन्छ। जसले कर्णाली प्रदेशमा उच्च जोखिमसँगै उजुरी गर्ने संरचनाहरू सक्रिय रहेको तर्फ पनि संकेत गर्छ।

सबै प्रदेशमा १८ देखि २५ वर्ष र २६ देखि ३५ वर्ष उमेरका महिलाहरू सबै भन्दा धेरै हिंसाबाट प्रभावित भएका छन्। यसैगरी हिंसामा संलग्न पुरुषहरु पनि सोही उमेर समूहका बढी रहेका छन्। यस्तै हानिकारक परम्परागत अभ्यासहरूका आधारमा पनि महिला माथि हिंसा यथावत् छन्। जसमा ३१ जना महिलालाई बोक्सीको आरोपमा हिंसा गरिएको छ। जसमा प्रायः आर्थिक र सामाजिक रुपमा पछाडि पारिएका एकल महिलाहरुलाई बढी लक्षित गरिएको देखिन्छ भने, ५१ जनाले दाइजोको कारणले हिंसा भोग्नु परेको छ।  यसले नयाँ पुस्तामा समेत समाजमा विद्यमान हानिकारक परम्पमरागत अभ्यासहरु रहेको र विभेदकारी सामाजिक र सांस्कृतिक मूल्य मान्यताहरू महिला माथि हिंसा गर्ने औजारका रूपमा प्रयोग भइरहेको छ भन्ने पुष्टि गर्दछ। यसैगरी, यौन दुर्व्यवहारका ६९ घटना मध्ये सबैभन्दा बढी मधेश प्रदेशबाट सङ्कलन भएका छन्। यौन हिंसाका घटनामा सबैभन्दा धेरै श्रीमान् नै पीडकको रुपमा रहेका छन्। जसले पारिवारिक संरचना भित्रको  विभेद, असमानता र हिंसाको विभत्स रुपलाई उजागर गर्दछ।

महिला मानव अधिकार रक्षकहरु विरुद्धका हिंसाले थप जटिल पक्षलाई दर्शाएको छ। सङ्कलित ८४ घटना मध्ये अधिकांशले गालीगलौ, धम्की, चारित्रिक आरोपका कारण मानसिक हिंसा भोगेको बताएका छन्। कूल घटनामा सबैभन्दा बढी ३५.७% घटना वागमति प्रदेशबाट सङ्कलन भएको महिला मानव अधिकार रक्षकहरुले भोगेको हिंसा तथा चुनौति सम्बन्धि ओरेकले गरेको सर्वेक्षणले देखाउँछ।

नेतृत्व तहमा महिला नेताहरुले महिला भएकै कारणले घर, परिवार, समाज तथा राज्यबाट भोग्नुपरेको विभेद र हिंसाको अवस्था झनै जटिल छ। यस सम्बन्धी सुदूरपश्चिम, मधेश र कर्णाली प्रदेशमा गरिएको सर्वेक्षणमा सहभागी कूल २९७ सहभागीहरु मध्ये ६५.३ प्रतिशत (१९४ जना) ले महिला भएकै कारण आफ्नो भूमिकामा भेदभाव र वेवास्ता गरिएको अनुभव गरेका छन्। यसले महिला माथि व्यक्तिगत र सार्वजनिक दुवै जीवनमा हुने हिंसाको अवस्थालाई उजागर गरेको छ।


# महिला माथि भएको हिंसाको अवस्था

१२७९ वटा महिला माथि हिंसाका घटना

| कोशी | मधेश | बागमती | गण्डकी | लुम्बिनी | कर्णाली | सुदूरपश्चिम | अन्य |
|---|---|---|---|---|---|---|---|
| ३४१ | २६० | ८८ | २ | ९१ | ४१९ | ७६ | २ |

१२७९ घटना

७२ %



महिलाहरुले घरेलु हिंसाको सामना गरेका छन् ।

८८.३ %



पीडक पुरुष रहेका थिए ।



१६.१ %

बोक्सीको आरोपमा महिला माथि छिमेकीबाट हिंसा भएको छ ।



६५.५%

महिला / मानव अधिकार रक्षकहरुले अनलाइन प्लेटफर्मबाट मानसिक हिंसाको सामना गर्ने गरेका छन् ।



१७%

महिलाहरुले यौनजन्य हिंसाको सामना गरेका छन्



८५.२ %

महिलाहरुको बिबाह २० बर्ष भन्दा कम उमेरमा भएको छ ।



४०.९ %

१८ बर्ष भन्दा कम उमेरका बालिका बलात्कारको जोखिममा ।



३१.३%

कोशी प्रदेशबाट सबैभन्दा बढी बालविवाहका घटना संकलित



विपदको अवस्थामा संकलित घटना मध्ये


८५.९%


महिलाहरु घरेलु हिंसाबाट प्रभावित भएका छन् ।

# घरेलु हिंसा


## ९२१ घटना

### प्रदेशगत विवरण





प्रभवित र आरोपितसंगको सम्बन्ध





# यौन दुर्व्यवहार

## ६९ घटना

## प्रदेशगत विवरण












# बलात्कार

**१४९ घटना**


## प्रदेशगत विवरण





### प्रभावित र आरोपितको सम्बन्ध




# मानव बेचविखन

## २७ घटना


## प्रदेशगत विवरण



# हत्या

**८ घटना**







प्रभावित र आरोपितासंगको सम्बन्ध






प्रभावितको उमेर

# दाइजो प्रथा

५१ घटना

प्रदेशगत विवरण









प्रभावित र आरोपितासंग्को सम्बन्ध

# बोक्सीको आरोप

प्रदेशगत विवरण

३१ घटना









प्रभावित र आरोपितसंगको सम्बन्ध


# बालविवाह

**१६ घटना**

## प्रदेशगत विवरण












# विपद् र महिला हिंसा


**३२० घटना**

## जिल्लागत विवरण













प्रभावितलाई परेको असर

# महिला/मानव अधिकार रक्षकहरूको प्रतिक्रिया

## महिला/मानव अधिकार रक्षक माथि भएका हिंसा






उत्तरदाताको लैंगिकता


# महिला/मानव अधिकार रक्षकहरूको प्रतिक्रिया




महिला/ मानव अधिकार रक्षकमाथि आनलाइन मार्फत भएको हिंसा

महिला/ मानव अधिकार रक्षक माथि हिंसा बढ्नुको कारण




जोखिम न्यूनीकरणका उपायहरु

## विश्लेषणात्मक सारांश

- लैङ्गिक हिंसाका सबैभन्दा धेरै घटना कर्णाली (३२.८%), त्यसपछि कोशी (२६.७%) र मधेश (२०.३%) मा दर्ता भएका छन्  जसले हिंसा कुनै विशेष क्षेत्रमा मात्र सिमित नभई सर्वत्र फैलिएको संकेत गर्दछ।
- कूल संकलित घटनाको ७२% (९२१) घरेलु हिंसाको घटना सहित सबैभन्दा धेरै छ। त्यसपश्चात् यौन हिंसा (बलात्कार) १७% (२१८ घटना) र सामाजिक हिंसा ६.५% (८३ घटना) रहेका छन्।
- घटनामा सम्लग्न ८१.८% पुरुष, १८.२% महिला रहेका छन्। ६८.३% हिंसा श्रीमान्बाट, ८.१% परिवारका सदस्यबाट र ७.७ प्रतिशत छिमेकीबाट महिलाहरुले हिंसा भोग्नु परेको छ।
- घरेलु हिंसाका ८८.३% पीडक श्रीमान् छन् भने ८५.२% पीडित/प्रभावितहरुको २० वर्ष अगाडि विवाह भएको देखिन्छ, जसले बालविवाह वा कम उमेरको विवाहले हिंसाको जोखिम बढाउँछ भन्ने देखिन्छ।
- ९९% पीडित / प्रभावितले हिंसाको कारण मानसिक, सामाजिक, आर्थिक असर भोगेको बताउँछन्। यसले हिंसाका कारण प्रभावितलाई पर्ने बहुआयमिक प्रभावलाई देखाउँछ।
- बलात्कारका घटना दर्ता हुनेमा सबैभन्दा बढी कोशी ३६.२% त्यसपछि बागमति प्रदेश २५.५ % कर्णाली १४.८% प्रदेशमा घटना दर्ता भएको देखिन्छ।
- ९१ प्रतिशत पीडकहरु चिनेजानेका र परिचित  व्यक्तिहरु रहेकाछन्, जसले महिलाहरु अपरिचित व्यक्तिबाट भन्दा परिचित व्यक्तिहरुबाट महिलाहरु जोखिममा रहेको देखिन्छ।
- मानव बेचबिखनका कुल २७  वटा घटनाहरु दर्ता भएको छ  र यी सबैभन्दा धेरै बागमती प्रदेशमा २० वटा घटना संकलन भएको छ। ६३ प्रतिशत बेचबिखनमा संलग्न पीडकहरु अज्ञात रहेको तथ्याङ्क छ।
- बोक्सीको आरोपमा सबैभन्दा बढी मधेश प्रदेशबाट ७१.० प्रतिशत(२२ वटा), कोशी प्रदेशबाट १२.९% प्रतिशत (४ वटा), सुरपश्चिम र कर्णाली प्रदेशबाट ६.५ प्रतिशत (२, २ वटा) घटना दर्ता भएका छन्।
- बालविवाहका १६ घटना दर्ता भएको देखिन्छ, जसमा सबैभन्दा बढी कोशी (३१.३%) प्रदेश, लुम्बिनी र सुदरपश्चिम (२५/२५%), मधेश (१२.५%) प्रदेश, र कर्णाली (६.३%) प्रदेशबाट  घटना सङ्कलन भएको छ।
- महिला हत्या/हत्या प्रयासमा जम्मा १० घटना दर्ता भएको र जसमध्ये सुदूरपश्चिम (५०%), मधेश (४०%) र कोशी (१०%) प्रदेशबाट रहेको छन् भने मुख्य पीडक आफ्नै श्रीमान् (३०%) र परिवारका सदस्य (२०%) रहेको र पीडित तथा प्रभावित महिलाहरुको हत्या परिवार र आफन्तबाट नै गरिएको छ।
- यौन दुर्व्यवहारका ६९ घटना मध्ये, सबैभन्दा धेरै मधेश (४४.९%) मा रहेको र यसका पीडक प्रायः श्रीमान्, परिवारका सदस्य र छिमेकी रहेका छन्। यौन दूर्व्यहारका पीडित/प्रभावितले महिला हिंसाका मानसिक (९७.१%), सामाजिक (९४.२%), आर्थिक (९२.८%), शारीरिक (८८.४%) गरी बहुपक्षीय असर भोगेका छन्।

**WOREC**
Balkumari, Lalitpur, Nepal
PO.Box: 13233, Kathmandu, Nepal
Hotline: 16600178910
Phone: 977-01-5186073, 5186074
Email: ics@worecnepal.org

About me

WORECNEPAL

WORECNEPALORG

WOREC NEPAL

WORECNEPAL.ORG